सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री कुमार चुडाल
माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ

## आदेश

०७९-WF-०००६

मुद्दाः-उत्प्रेषण परमादेश समेत।

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ९ मा कार्यालय रहेको निवेदक तुलसीभक्त कन्स्ट्रक्सन प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त का.जि.का.म.न.पा. वडा नं. ११ त्रिपुरेश्वर बस्ने अधिवक्ता चन्द्रप्रसाद गुरागाई ................................१

विरुद्ध

उच्च अदालत पाटन, ललितपुर.....................................................................१
काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं.............................................१
काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा नं. २९ मैतीदेवी स्थित रुकमणी आइरन एण्ड स्टिल्सको प्रो. राजेश कुमार कधिया ..........................१ विपक्षी

यस अदालतको संयुक्त इजलासबाट भएको आदेशको विवरण

| | |
|---|---|
| यस अदालतको संयुक्त इजलासमा आदेश गर्ने माननीय न्यायाधीशहरु | : माननीय न्यायाधीश श्री टंकवहादुर मोक्तान<br>: माननीय न्यायाधीश श्री सुष्मालता माथेमा |
| आदेश मिति | : मिति २०७९।१०।११ |
| मुद्दा नं. | : ०७६-WO-०८३१ |

नेपालको संविधानको धारा १३३ को उपधारा (२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट जटिल कानूनी प्रश्न समावेश भएको भन्ने आधारमा पूर्णइजलासमा पेश गर्न आदेश भए बमोजिम सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(ग) बमोजिम यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् ठहर देहायबमोजिम रहेको छ :-

## निवेदनको संक्षिप्त तथ्यगत बेहोरा

१. निवेदक कम्पनी कम्पनी रजिष्ट्रारको कार्यालयमा द.नं. ६८००७/०६६/०६७ मिति २०६६।८।९ मा दर्ता भई विभिन्न प्रकारको ठेक्कापट्टाको कार्य गर्दै आइरहेको र बिशेषतः निर्माण सम्वन्धी कार्य गर्ने कम्पनी हो। यस कम्पनी विरुद्ध विपक्षी रुकमणी आइरन एण्ड स्टिल्सले काठमाडौं जिल्ला अदालतमा दायर गरेको ०७४-CP-४२२५ को रकम दिलाई पाउँ भन्ने मुद्दामा मैले दिएको प्रतिउत्तरमा हदम्यादको जिकिर गरेको थिएँ। उक्त मुद्दामा प्रारम्भिक सुनुवाई हुँदा पछिल्लो पटक रकम भुक्तानी गर्नु भनी पठाएको पत्रको मिति २०७५।१।११ लाई नै निजको हकमा मुद्दा गर्नु परेको कारण मान्नु पर्ने भनी सोही मितिलाई हदम्याद कायम गर्ने गरी मिति २०७६।५।२६ मा काठमाडौं जिल्ला अदालतबाट आदेश भएको थियो। विपक्षीको हदम्यादविहिन फिरादपत्रलाई हदम्यादभित्र दायर गरिएको भनी मिति २०७६।५।२६ मा भएको उक्त आदेश बेरितको भएकोले बदर गरी पाउँ भनी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिम उच्च अदालत पाटनमा निवेदन दिएकोमा मिति २०७६।९।१७ मा काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।५।२६ मा भएको आदेश सदर भएको अवस्था हो। मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ४० नं. ले निर्दिष्ट गरेको हदम्याद सम्वन्धी कानूनी व्यवस्था विपरित आदेश भएकोले सो आदेशहरु बदर गरी पाउन अन्य बैकल्पिक उपचारको मार्ग नभएको हुँदा बाध्य भई नेपालको संविधानको धारा १३३(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानित अदालत समक्ष उपस्थित भएको छु। प्रत्यर्थीले मिति २०७२।०४।१४ मा म निवेदकलाई हुलाक मार्फत प्रेषित गरिएको भनिएको पत्रमा भुक्तानी गर्न बाँकी रहेको भनिएको रकम रु. ४,२६,४११।- भुक्तानीका लागि January 20, January 27, 2014, २०७०।०९।०४ मा गरी पटक-पटक पत्र पठाइएको भन्ने उक्त पत्रको व्यहोराबाटै उक्त कारोवार सम्वत २०७० साल भन्दा अगाडिको हो भन्ने पुष्टी हुन्छ। सोही पत्रमा ७ दिन भित्र रकम भुक्तानी नगरे कानूनी कारवाही अगाडि बढाई उक्त रकम असुल उपर गरिने भन्ने बेहोरा उल्लेख गरेकोमा सोही मितिमा मुद्दा पर्नु पर्ने कारण परेको मान्नु पर्ने हुन्छ। शुरु अदालतले प्रमाणमा लिएको मिति २०७५।०१।११ गतेको पत्र यस अघि मिति २०७२।०४।१४ गते हुलाक मार्फत प्रेषित गरिएको पत्र भन्दा २ बर्ष ८ महिना २७ दिन पछि लेखेको छ। उक्त पत्रमा विपक्षी फर्म/कम्पनीको लेटर प्याडमा समेत लेखिएको छैन। उक्त गैरकानूनी पत्रको आधारमा हदम्याद कायम हुन सक्ने अवस्था हुँदैन। यसरी यावत प्रमाणहरुले सम्वत् २०७० अघिको कारोवार हो भन्ने स्पष्ट भईरहेको अवस्थामा त्यसलाई हेर्दै नहेरी

मनोगत रुपमा निरन्तर कारोवार भएको भनी हुँदै नभएको तथ्य उल्लेख गरी भएको शुरु अदालतको आदेशलाई सदर कायम हुने गरी भएको उच्च अदालतको आदेश मुलुकी ऐन, लेनदेन व्यवहारको महलको ४० नं. को विपरित रहेको हुँदा शुरु काठमाड़ौं जिल्ला अदालतको मिति २०७६।५।२६ गतेको आदेश र सोही आदेशलाई सदर कायम हुने गरी उच्च अदालत पाटनबाट मिति २०७६/९/१७ मा भएको आदेश उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने समेत बेहोराको तुलसीभक्त कन्स्ट्रक्सन प्रा.लि.को तर्फबाट यस अदालतमा दायर भएको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सवुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र बिपक्षी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत तथा बिपक्षी नं. ३ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नू भनी आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी बिपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू। साथै अन्तरिम आदेश जारी गरी पाउँ भन्ने निवेदन मागका सम्बन्धमा विचार गर्दा दुवै पक्षको कुरा सुनी निष्कर्षमा पुग्न उपयुक्त हुने देखिएकोले अन्तरिम आदेशको छलफलको लागि मिति २०७६।११।२१ को पेशी तोकी सो मितिसम्म काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०७६।९।१७ को आदेशलाई कार्यान्वयन नगरी यथास्थितिमा राखू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार पेश गर्नू भन्ने बेहोराको यस अदालतको मिति २०७६।११।१४ को आदेश।

३. प्रतिवादीलाई अन्तिम पटक रकम भुक्तानीका लागि पत्र पठाउँदा समेत रकम नदिएको हुँदा सोही मितिबाट मुद्दा गर्नु पर्ने कारण परेको भनी काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७६।०५।२६ मा भएको आदेश उपर निवेदकले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ को उपदफा (१) को खण्ड (ग) बमोजिम निवेदन दिएकोमा उच्च अदालत पाटनबाट मिति २०७६।०९।१७ मा काठमाण्डौ जिल्ला अदालतबाट भएको आदेश सदर भएको छ। विद्यमान कानून बमोजिम भएको आदेश हुँदा उत्प्रेषणको आदेश जारी हुनु पर्ने होईन, रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको उच्च अदालत पाटन र काठमाडौं जिल्ला अदालतको एकै मिलान बेहोराको लिखित जवाफ।

४. रुकमणी आइरन एण्ड स्टिल्स वाणिज्य विभागमा दर्ता भई आफ्नो उद्देश्य अनुसार निर्माण सामग्रीको रुपमा प्रयोग हुने फिटिङ्स लगायतका विभिन्न प्रकारका स्यानीटेशनका सामानहरु आयात गरी बिक्री वितरणको कार्य गर्दै आइरहेको प्राइभेट फर्म हो। विपक्षीले यस फर्मबाट नगद तथा उधारोमा आवश्यकता अनुसारका निर्माण सामग्रीहरु खरिद गरे वापतको तिर्न बुझाउन बाँकी रहेको रकम रु ४,२६,४११।- (अक्षरुपी चार लाख छब्बिस हजार चार सय एघार मात्र) तिर्न बुझाउन लिखित तथा मौखिक रुपमा बारम्बार अनुरोध गरिएकोमा नतिरेपछि मिति २०७५/०१/११ गते फर्मको तर्फबाट आधिकारिक कानूनी सल्लाहकार मार्फत बाँकी रकम चुक्ता गर्नको लागि पत्र पठाइएको हो। तत्पश्चात पनि उक्त रकम भुक्तानी नगरेकाले आफूले पाउनुपर्ने रकम रु. ४,२६,४११।- र सो को मुद्दा गर्नु पर्ने कारण परेको मितिबाट हुन आउने व्याजसमेतको रकम दिलाई पाउँ भनी दायर गरेको अवस्था हो। उक्त मुद्दा पुर्पक्षको क्रममा विपक्षीले हदम्यादको सम्वन्धमा प्रश्न उठाई प्रतिवाद गरे पश्चात् सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३२ बमोजिम हदम्यादका सम्वन्धमा सुनुवाई भई प्रस्तुत मुद्दा हदम्याद भित्रकै देखिन आयो भनी मिति २०७६/०५/२६ गते आदेश भएको हो। प्रस्तुत विवादको विषयलाई लिएर रिट क्षेत्रमा प्रवेश गर्ने निवेदकको हकदैया नभएको, आर्थिक दायित्वबाट उन्मुक्ति लिने मनसाय राखेको, निवेदन व्यहोरा कपोलकल्पित र झुट्टा रहेको, हदम्याद सम्वन्धी विवादको विषय काठमाडौं जिल्ला अदालत र सम्मानित उच्च अदालतबाट कानूनसम्मत आदेश भएको, हदम्यादको सम्वन्धमा सम्मानित उच्च अदालत पाटनको मिति २०७६/०९/१७ को आदेश नै अन्तिम भएको, सो आदेश बदरको लागि उजुरी गर्ने कानूनी व्यवस्था नभएको, विपक्षीलाई अपुरणीय क्षति हुने अवस्था नरही यस फर्मलाई नै क्षति भएको साविक मुलुकी ऐन लेनदेन व्यवहारको महलको ४० नं. तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ४९२ (२) (ख) बमोजिम सम्मानित काठमाडौं जिल्ला अदालतमा विचाराधिन रहेको रकम दिलाई पाउँ मुद्दा (०७४-CP-४२२५) हदम्याद भित्रै रहेकोले मिति २०७६/११/१४ गतेको अल्पकालिन अन्तरिम आदेश सहित प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको रुकमणी आइरन एण्ड स्टिल्सको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।

५. व्यक्तिको मुद्दा गर्ने हकदैया, हदम्याद र मुद्दाको सुनुवाइ तथा किनारा गर्ने अदालतको अधिकारक्षेत्र नदेखिएको भनी मुद्दाको आधारभूत गम्भीर प्रश्नमा गरिएको निर्णय उपरको अपीलीय अधिकारलाई पूर्ण विराम लगाउने गरी भएको कानूनी प्रावधानका सम्बन्धमा

यस अदालतबाट विविध मुद्दाहरुमा भए गरिएका व्याख्याहरुको परिप्रेक्ष्यमा गहनतम व्याख्या हुनुपर्ने देखिँदा पूर्ण इजलासबाट निर्णय भई एकरुपता र स्पष्ट मार्गदर्शन हुन वाञ्छनीय हुने भनी यस इजलासले महसुस गरेकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम २३(२)(ग) बमोजिम प्रस्तुत मुद्दा यस अदालतको पुर्ण इजलास समक्ष पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०७९।१०।११ मा भएको आदेश ।

## अदालतको आदेश

६. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत निवेदनमा विवादको मूल विषयलाई हेर्दा, निवेदक कम्पनी विरुद्ध विपक्षी रुकमणी आइरन एण्ड स्टिल्सले काठमाडौं जिल्ला अदालतमा दायर गरेको ०७४-CP-४२२५ नं को मुद्दामा निवेदकले प्रतिवादीका हैसियतले प्रत्तिउत्तर पत्र पेश गर्दा हदम्यादको प्रश्न उठाएका रहेछन्। जिल्ला अदालतबाट प्रारम्भिक सुनुवाई हुँदा पछिल्लो पटक रकम भुक्तानी गर्नु भनी वादीले पठाएको पत्रको मिति २०७५।१।११ लाई नै मुद्दा गर्नु परेको कारण मान्नु पर्ने अवस्था देखिएको र सो मितिबाट हदम्याद गणना गर्दा वादीको फिराद हदम्याद भित्रै परेको देखिएको भनी मिति २०७६।५।२६ मा आदेश भएको रहेछ। काठमाडौं जिल्ला अदालतबाट भएको उक्त आदेश उपर उच्च अदालत पाटनमा उजुरी गरेकोमा उच्च अदालत पाटनबाट पनि मिति २०७६।५।२६ मा जिल्ला अदालतबाट भएको आदेश सदर हुने गरी आदेश भएको देखिन्छ। उक्त आदेश उपर चित्त नबुझाई यस अदालतमा रिट निवेदन पर्न आएकोमा यस अदालतको संयुक्त इजलासबाट प्रस्तुत विषयमा गहनतम व्याख्या हुनु पर्ने देखिएको भनी पूर्ण इजलासमा पेश गर्ने आदेश भए बमोजिम प्रस्तुत रिट निवेदन आज यस इजलासमा पेश हुन आएको देखियो।

७. निवेदकका तर्फबाट यस अदालतमा दायर हुन आएको प्रस्तुत निवेदनको अध्ययन गर्दा निवेदकले उत्प्रेषणयुक्त परमादेशको आदेश जारी हुनुपर्ने आधारको रुपमा देहाय बमोजिमको जिकिरहरु लिएको देखिन्छः

(क) मुद्दा गर्नु पर्ने कारण परेको मितिबाट नै हदम्याद शुरु हुने भनी मान्दा पनि प्रस्तुत मुद्दामा मिति २०७२।०४।१४ देखिको ब्याज माग गरेको देखिएबाट सोही मितिदेखि हदम्याद शुरु भएको मान्नु पर्ने भएको,

(ख) मिति २०७२।४।१४ लाई मुद्दा गर्नु पर्ने कारण परेको मिति मान्दा फिराद दायर गर्दाको मिति २०७५।२।२ सम्म २ बर्षको हदम्याद व्यतित गरी फिराद परेको देखिएको,

(ग) मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३२ बमोजिम प्रारम्भिक सुनुवाइ गरी फिराद हदम्याद भित्र परेको भन्ने आदेश भएकोमा सो आदेश उपर सोही संहिताको दफा १५७ बमोजिम उच्च अदालत पाटनमा निवेदन गरेकोमा उच्च अदालतबाट पनि जिल्ला अदालतको आदेश सदर हुने गरी आदेश भएको,

(घ) तसर्थ हदम्यादविहिन फिरादपत्रलाई हदम्याद भित्र परेको भनी जिल्ला अदालतबाट आदेश भएको र उच्च अदालतबाट पनि जिल्ला अदालतको सोही आदेशलाई सदर हुने गरी भएको आदेश कानून विपरीतको हुँदा वदर गरी पाउँ।

८. प्रस्तुत निवेदनमा आज सुनुवाइको क्रममा निवेदकको तर्फबाट उपस्थित रहनु भएका विद्वान् अधिवक्ता श्री चन्द्रप्रसाद गुरागाईले निवेदक उपर रुकमणी आइरन एण्ड स्टिल्सले काठमाडौं जिल्ला अदालतमा दायर गरेको ०७४-CP-४२२५ को मुद्दामा निवेदकले हदम्यादको जिकिर लिई प्रतिवाद गरेकोमा मिति २०७६।०५।२६ मा भएको प्रारम्भिक सुनुवाइमा निवेदकलाई रकम भुक्तानी गर्न लेखिएको भनिएको पछिल्लो मिति २०७५।१।११ को पत्रको मितिलाई मुद्दा गर्नु पर्ने कारण परेको मानी प्रस्तुत मुद्दा हदम्यादभित्रकै देखिएको भनी आदेश भएको अवस्था छ। उक्त आदेश बदर गरी पाउँ भनी निवेदकले उच्च अदालत पाटनमा निवेदन दिएकोमा उच्च अदालत पाटनबाट मिति २०७६।०९।१७ मा जिल्ला अदालतको उक्त आदेश सदर भएको छ। हदम्याद भए गरेको मितिले लागु हुने हो। मुद्दा गर्नु पर्ने कारण परेको मितिले लागु हुने होइन। रकम भुक्तानीका लागि लेखिएको पत्रको आधारमा हदम्याद तन्किने होइन। यसरी रकम भुक्तानीका लागि लेखिएको पत्रको मितिबाट हदम्याद कायम गर्ने गरी भएको सुरु अदालतको आदेश सदर गर्ने उच्च अदालतको आदेश समेत मुलुकी ऐन लेनदेन व्यवहारको महलको ४० नं. विपरित भई त्रुटिपूर्ण भएकोले सो आदेशलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहससमेत सुनियो।

९. विपक्षी रुकमणी आइरन एण्ड स्टिल्सका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री खगेन्द्र राउत र श्री भानुभक्त पोखरेलले प्रस्तुत विवाद निवेदक र यस कम्पनीबीच भएको व्यापारिक कारोवारका सम्वन्धमा भएकाले यसमा हदम्याद हुँदैन। निवेदकले सामान खरिद गरी लगे वापतको रकम नतिरेको र उक्त रकम भुक्तानीका लागि पत्र पठाउँदा पनि रकम नतिरेकोले पछिल्लो पटक लेखिएको पत्रको मितिलाई नै मुद्दा गर्नु पर्ने कारण परेको मान्नु पर्ने भएको तथा पछिल्लो पटक लेखिएको पत्रको मितिलाई आधार मान्दा प्रस्तुत फिराद हदम्याद भित्रै परेको देखिएको छ। जिल्ला अदालतबाट भएको आदेश उपर एकतह माथिको उच्च अदालतमा निवेदन परेकोमा एकतह माथिको

अदालतबाट जिल्ला अदालतको आदेशको कानूनी परीक्षण भइसकेको अवस्था छ। यस्तो विषयमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न मिल्ने देखिंदैन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. निवेदकका तर्फबाट प्रस्तुत निवेदनमा लिइएका जिकिरहरु, विपक्षीको तर्फबाट पेश हुन आएको लिखित जबाफको व्यहोरा, निवेदक एवं विपक्षी दुवैका तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरुबाट प्रस्तुत हुन आएका वहस बुँदाहरु र मिसिल संलग्न कागजातहरु अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत निवेदनका सन्दर्भमा देहायका प्रश्नहरुमा निरुपण गर्नु पर्ने देखिन आयोः

(क) प्रस्तुत निवेदनमा माग भए बमोजिमको विषयमा रिट क्षेत्राधिकारको प्रयोग गरी उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न मिल्ने देखिन्छ वा देखिंदैन? र,

(ख) काठमाण्डौ जिल्ला अदालतबाट भएको मिति २०७६।५।२६ को आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७६।९।१७ मा भएको आदेश कानूनसम्मत रहेको देखिन्छ वा देखिंदैन?

११. निरुपण हुनु पर्ने उपर्युक्त प्रश्नहरु मध्ये सर्वप्रथम प्रस्तुत रिट निवेदनमा माग भए बमोजिमको विषयमा रिट क्षेत्राधिकारको प्रयोग गरी उत्प्रेषण समेतको आदेश जारी गर्न मिल्ने देखिन्छ वा देखिंदैन भन्ने प्रश्नमा बिचार गरौं। यो प्रश्नमा प्रवेश गर्नु भन्दा पहिले प्रस्तुत निवेदनको पृष्ठभूमितर्फ हेर्नु सान्दर्भिक हुने देखिन्छ। प्रस्तुत निवेदनको पृष्ठभूमितर्फ हेर्दा यी निवेदक र विपक्षी रुकमणी आइरन एण्ड स्टिल्सका बीच व्यापारिक कारोबार भइ आएको रहेछ। कारोबारका सन्दर्भमा यी निवेदकसंग केही रकम लिनु पर्ने बाँकी रहेको भनी उक्त रकम दिलाई भराइ पाउन माग दावी लिई यी निवेदकलाई प्रतिवादी बनाई रुकमणी आइरन एण्ड स्टिल्सका प्रो. राजेश कुमार कधियाका तर्फबाट काठमाण्डौ जिल्ला अदालतमा मुद्दा नं ०७४-CP-४२२५ को फिराद परेको देखिन्छ। उक्त फिरादका सम्बन्धमा यी निवेदकले प्रतिवादीको हैसियतले प्रतिउत्तर फिराउँदा अन्य विषयका अतिरिक्त फिराद हदम्याद भित्र नपरेको भनी जिकिर लिएका रहेछन्। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३१ मा प्रतिवादीले प्रतिउत्तर पेश गर्दा फिराद हदम्याद भित्र दायर नभएको भनी जिकिर लिएमा सोही संहिताको दफा १३२(१) र (२) बमोजिम प्रारम्भिक सुनुवाइ गर्नु पर्ने तथा सोही संहिताको दफा १३२(३) बमोजिम यसरी प्रारम्भिक सुनुवाइ गर्दा फिरादपत्र हदम्याद भित्र दर्ता भए वा नभएको विषयमा आदेश वा निर्णय गर्नु पर्ने व्यवस्था भएको देखिन्छ। दफा १३२ को (३) र दफा १३३ मा भएको व्यवस्थालाई हेर्दा प्रारम्भिक सुनुवाइको क्रममा फिरादपत्र हदम्याद भित्र दर्ता भएको

देखिए सोही बमोजिमको आदेश गर्नु पर्ने र त्यसपछि उक्त मुद्दाको कानून बमोजिमको कारबाही अगाडि बढ्ने व्यवस्था भएको देखिन्छ भने हदम्याद भित्र फिराद दर्ता भएको नदेखिए त्यस्तो मुद्दा खारेज गर्ने फैसला गर्नु पर्ने र त्यसरी खारेज भएमा त्यस्तो मुद्दाको कारबाही अन्त्य हुने व्यवस्था भएको देखिन्छ। उल्लिखित कानूनी व्यवस्था अनुसार प्रस्तुत मुद्दा नं ०७४-CP-४२२५ को मिति २०७६।५।२६ मा काठमाण्डौ जिल्ला अदालतमा प्रारम्भिक सुनुवाइ भएकोमा फिरादपत्र हदम्याद भित्र दर्ता भएको भन्ने व्यहोराको आदेश भएको देखिन्छ। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३४ को उपदफा (३) मा उल्लेख भए अनुसार प्रारम्भिक सुनुवाइबाट फिरादपत्र हदम्याद भित्र परेको भन्ने आदेश भएमा त्यस्तो आदेश उपर सोही संहिताको दफा १५७ बमोजिम पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने र फिरादपत्र हदम्याद भित्र नपरेको भनी मुद्दा खारेज हुने निर्णय भएमा सोही संहिताको दफा २०५ बमोजिम पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था भएको पाइन्छ। प्रस्तुत मुद्दामा जिल्ला अदालतबाट प्रारम्भिक सुनुवाइ हुँदा फिरादपत्र हदम्याद भित्र दर्ता भएको भनी आदेश भएको हुँदा यी निवेदकका तर्फबाट संहिताको दफा १५७ बमोजिम उच्च अदालत पाटनमा निवेदन परेकोमा उच्च अदालतबाट पनि शुरु जिल्ला अदालतको आदेश सदर हुने गरी मिति २०७६।९।१७ मा आदेश भएको देखिन्छ। सोही आदेश वदर गरी पाउन माग दावी लिई निवेदकका तर्फबाट प्रस्तुत रिट निवेदन पर्न आएको देखिन्छ।

१२. प्रस्तुत रिट निवेदन शुरुमा यस अदालतको संयुक्त इजलासमा पेश भएकोमा संयुक्त इजलाशबाट पूर्ण इजलासमा पेश गर्ने आदेश भए अनुसार आज प्रस्तुत रिट निवेदन यस इजलासमा पेश हुन आएको देखिन्छ। यस अदालतको संयुक्त इजलासबाट प्रस्तुत रिट निवेदनलाई पूर्ण इजलासमा पेश गर्ने आदेश गर्दा ने.का.प. २०५६ नि. नं. ६६९० मा हदम्यादको प्रश्न कानूनी प्रश्न भएकोले पक्षले चुनौती नदिए पनि अदालतले जहिलेसुकै पनि त्यो विषयमा बिचार गर्नु पर्ने भनी सिद्धान्त प्रतिपादन भएको तर मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३४(१ र (२) मा अदालतले प्रारम्भिक सुनुवाइ गरी फिरादपत्र दर्ता गर्ने हकदैया भएको भनी आदेश गरेकोमा प्रतिवादीले पछि पुनरावेदन गर्दा वा मुद्दा दोहोऱ्याउन तथा पुनरावलोकनको लागि निवेदन दिंदा सोही विषयमा पुनः जिकिर लिन नसक्ने एवं जिकिर लिए पनि त्यस उपर सुनुवाइ नहुने गरी व्यवस्था भएको सन्दर्भमा जटिल कानूनी प्रश्न उपस्थित भएको भनी पूर्ण इजलासबाट व्याख्या हुन जरुरी रहेको कारण उल्लेख भएको पाइन्छ। संयुक्त इजलासको आदेशमा उल्लेख भए जस्तै ने.का.प. २०५६ नि. नं. ६६९० मा

हदम्यादको प्रश्नमा अदालतले जहिलेसुकै पनि बिचार गर्न सक्ने भनी सिद्धान्त प्रतिपादन भएको विषयमा विवाद छैन। साथै हाल प्रचलित मुलुकी देवानी संहिता, २०७४ को दफा १३४(१) र (२) मा सोही संहिताको दफा १३२ बमोजिम मुद्दाको प्रारम्भिक सुनुवाइ गर्दा फिरादपत्र हदम्याद भित्रै दर्ता भएको भनी आदेश भएकोमा प्रतिवादीले त्यस मुद्दामा पछि पुनरावेदन गर्दा वा मुद्दा दोहोऱ्याउन तथा पुनरावलोकनका लागि निवदन दिंदा सोही विषयमा पुनः जिकिर लिन नसकिने गरी व्यवस्था भएकोमा पनि विवाद छैन। तथापि प्रस्तुत निवेदनसंग सम्बन्धित मुद्दा नं ०७४-CP-४२२५ मा प्रारम्भिक सुनुवाइ हुँदा फिराद पत्र हदम्याद भित्र नपरेको भनी मुद्दा खारेज भएको अवस्था नभई फिरादपत्र हदम्याद भित्र परेको भनी आदेश भएको र जिल्ला अदालतबाट भएको सो आदेश उपर सोही संहिताको दफा १५७ बमोजिम उच्च अदालतमा निवेदन परेकोमा उच्च अदालतबाट जिल्ला अदालतको आदेशको एकतहको कानूनी परीक्षण भई जिल्ला अदालतको आदेश सदर हुने गरी आदेश भएको तथ्यमा पनि विवाद छैन। फिरादपत्र हदम्याद भित्र परेको भनी जिल्ला अदालतबाट प्रारम्भिक सुनुवाइका बखत आदेश भएको र सो उपरको निवेदनमा उच्च अदालतबाट पनि जिल्ला अदालतको आदेश सदर हुने गरी भएको सोही आदेशलाई लिएर निवेदक यस अदालतको रिट क्षेत्राधिकार अन्तर्गत प्रवेश गरेको देखिन्छ। त्यसैले निवेदनमा उठाइएको प्रस्तुत विषय रिट क्षेत्राधिकार अन्तर्गत बिचार भई निवेदन माग दावी बमोजिमको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न मिल्ने वा नमिल्ने भन्ने मूल प्रश्न यो इजलास समक्ष उपस्थित हुन आएको पाइन्छ।

१३. प्रस्तुत निवेदनसंग सम्बन्धित मुद्दा नं ०७४-CP-४२२५ मा फिरादपत्र हदम्याद भित्र नपरेको भनी यी निवेदकका तर्फबाट प्रश्न उठाइएकोमा जिल्ला अदालतबाट प्रारम्भिक सुनुवाइ हुँदा फिरादपत्र हदम्याद भित्र परेको भनी आदेश भएको र सो आदेश उपरको निवेदनमा उच्च अदालतबाट पनि जिल्ला अदालतको आदेश सदर भएकोमा विवाद रहेको देखिंदैन। यसरी प्रारम्भिक सुनुवाइ गर्ने अधिकार जिल्ला अदालतलाई रहेको र जिल्ला अदालतको आदेश उपर उच्च अदालतलबाट सुनुवाइ हुने व्यवस्था रहेकोमा पनि निवेदकका तर्फबाट प्रश्न उठाइएको अवस्था देखिंदैन। अब यो अवस्थामा जिल्ला अदालत र उच्च अदालतबाट भएका ती आदेशहरु उत्प्रेषणको आदेशद्वारा वदर गर्न र पुनः हदम्यादका सम्बन्धमा यकिन आदेश गर्नु भनी परमादेशको आदेश जारी गरी पाउन माग दावी रहेको हुँदा सर्वप्रथम उत्प्रेषण र परमादेशको आदेश जारी हुन सक्ने अवस्थाका सम्बन्धमा सैद्धान्तिक विवेचना हुनु पर्ने देखिन आयो। रिट क्षेत्रबाट प्राप्त गरिने उपचार स्वयंमा कानूनी उपचार भन्दा पनि असाधारण प्रकृतिको उपचार रहेको

देखिन्छ। कानूनी उपचारको विद्यमानताको अभावका कारणले मात्र अन्यायको राज हुनु हुँदैन भन्ने उद्देश्यले रिट उपचार अदालती अभ्यासबाट विकसित भइ आएको मान्यता हो। त्यसैले प्रस्तुत निवेदनका निवेदकले माग गरेको रिट उपचारका सम्बन्धमा पनि अदालतबाट विकसित भइ आएका मान्यता कै सन्दर्भमा बिचार हुनु पर्ने हुन्छ।

१४. सिद्धान्ततः परमादेशको रिटलाई कुनै सार्वजनिक पदाधिकारीलाई तोकिएको सार्वजनिक कर्तव्य पालन गर्न वाध्य तुल्याउन अदालतबाट जारी गरिने परमाधिकार सम्पन्न आदेश मानिन्छ। तर यस्तो आदेश जारी हुनका लागि चार वंटा पूर्वशर्तहरु पूरा भएको देखिनु पर्ने मान्यता रहेको पाइन्छ– (क) कुनै काम गर्नु पर्ने वा पाउने गरी कुनै सार्वजनिक पदाधिकारीलाई कानूनले कर्तव्य वा अधिकार तोकेको वा प्रदान गरेको हुनु पर्ने, (ख) कुनै व्यक्तिसंग सार्वजनिक पदाधिकारीलाई तोकिएको त्यस्तो कर्तव्य पालन गराइ पाउने अधिकार रहेको हुनु पर्ने, (ग) त्यस्तो कर्तव्य पालन गराइ पाउन माग गरेको हुनु पर्ने, र (घ) सार्वजनिक पदाधिकारीले त्यस्तो कर्तव्य पालन गर्न इन्कार गरेको हुनु पर्ने। यहाँनिर बिचार गर्नु पर्ने कुरा के रहन्छ भने सार्वजनिक पदाधिकारीलाई तोकिएको जुन कर्तव्य वा अधिकारको पालन वा प्रयोग गराइ पाउन माग गरिने हो, निजलाई तोकिएको त्यस्तो कर्तव्य वा अधिकार वाध्यात्मक प्रकृतिको हुनु पर्छ। सार्वजनिक पदाधिकारी कै स्वविवेकमा प्रयोग हुन सक्ने प्रकृतिको स्वविवेकीय कर्तव्य वा अधिकार रहेछ भने केही निश्चित अवस्थामा बाहेक त्यस्तो स्विवेकीय अधिकारको प्रयोगका लागि सामान्यतया परमादेशको आदेश जारी गर्न सकिंदैन। यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतले Chingleput Bottlers v Majestic Bottling Co. को मुद्दामा बोलेको कुरा मननीय छ। उक्त मुद्दाको फैसलामा भनिएको छ– "Mandamus is employed to enforce a duty the performance of which is imperative and not optional of discretionary with the authority concerned" (AIR 1984 SC 1030). यसैगरी भारतीय सर्वोच्च अदालतले अर्को मुद्दामा भनेको कुरा पनि मननीय छ– "To maintain a petition for mandamus, the petitioner must show that he has a right to compel the concerned authority to act in a particular manner. In the absence of any such right, mandamus cannot be granted." (Hochtief Gammon v State of Orissa, AIR 1975 SC 2226; Mani Subrat v State of Haryana, AIR 1977 SC 276). स्वविवेकीय अधिकार कै विषय भए पनि अधिकारको प्रयोगै नगरेको अवस्था छ वा प्रयोग गरेकोमा पनि कानूनको देखादेखी त्रुटी गरी प्रयोग भएको छ वा दूषित मनसाय राखी बदनियतपूर्वक प्रयोग गरेको छ वा अनुचित उद्देश्यको लागि प्रयोग गरिएको छ वा जुन विषयहरुलाई आधार मान्नु पर्ने हो ती विषयहरुलाई आधार नमान्ने अनि जुन

विषयहरुलाई आधार नमान्नु पर्ने हो ती विषयहरुलाई आधार मानेर प्रयोग भएको छ वा जुन कार्यविधिगत पूर्वशर्तहरु पूरा गरेर मात्र प्रयोग गर्नु पर्ने हो ती पूर्वशर्तहरुको विपरीत प्रयोग गरेको वा आफ्नो विवेकको प्रयोगै नगरेको (Non-application of mind) वा त्यस्तो अधिकार प्रयोग गर्दा कुनै कारणै नदिएको अवस्था रहेको प्रमाणित हुन्छ भने परमादेशको आदेश जारी हुन सक्ने कुरालाई इन्कार गर्न सकिंदैन। तर उल्लिखित अवस्थाको विद्यमानता रहेको नदेखिएको अवस्थामा कुनै अख्तियार प्राप्त अधिकारी वा निकायले आफ्नो स्वविवेकीय अधिकारको प्रयोग गरेको विषयलाई लिएर सामान्यतया तिमीले त्यो अधिकारको प्रयोग यसरी गर्नुपर्थ्यो भनेर पुनरावेदनको रोहबाट हेर्ने जस्तो गरी परमादेशको आदेश जारी गर्न मिल्ने देखिँदैन। यसैगरी उत्प्रेषणको रिट पनि अदालतको असाधारण क्षेत्राधिकार अन्तर्गत जारी हुने विशेष प्रकृतिको आदेश रहेको देखिन्छ। यसको उद्देश्य सबै राज्य निकायहरु कानूनको सीमाभित्र छन् भन्ने कुराको न्यायिक सुनिश्चतता दिलाउनु रहेको हुन्छ। राज्यका निकायहरुबाट हुन सक्ने अधिकार दुरुपयोगको अवस्थाबाट आम नागरिकहरुमा सुरक्षाको अनुभूति दिलाई न्यायिक अभिभावकत्व प्रदान गर्नु तथा अन्ततः विधिको शासनको मूल्य र मान्यताको जगेर्ना गर्नु यो क्षेत्राधिकारको उद्देश्य हुन्छ। यस अर्थमा अदालतको यो क्षेत्राधिकारलाई न्यायिक पुनरावलोकनको क्षेत्राधिकार भन्ने गरिएको हो। त्यसैले न्यायिक पुनरावलोकन गर्दा कुनै राज्य निकायले आफूलाई प्राप्त क्षेत्राधिकारभन्दा बाहिर गएर निर्णय गरेको छ वा आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरेको छ वा अधिकारको स्वेच्छाचारी एवं भेदभावपूर्ण प्रयोग गरेको छ वा अधिकारको प्रयोग वदनियतपूर्वक गरेको छ वा कानूनको देखादेखी त्रुटि हुने गरी प्रयोग गरेको छ वा प्राकृतिक न्यायको सिद्धान्त विपरीत हुने गरी प्रयोग गरेको छ भन्ने देखिन्छ भने उत्प्रेषणको आदेश जारी भई त्यस्ता निर्णयहरु बदर हुने स्थिति रहन्छ। यति मात्र होइन, निहित स्वार्थका लागि अधिकारको जालसाजपूर्ण प्रयोग (Colourable Exercise of Power) भएको देखिएमा पनि त्यस्तो अधिकार प्रयोग गरी भएको निर्णय बदर गर्न उत्प्रेषणको आदेश जारी हुने स्थिति रहन्छ।

१५. तर रिट क्षेत्राधिकार अन्तर्गत अदालतलाई प्राप्त अधिकार पुनरावेदकीय अधिकार सरह हुँदैन। भारतीय सर्वोच्च अदालतले एउटा मुद्दामा बोलेको सन्दर्भ प्रासङ्गिक हुन्छ। भारतीय सर्वोच्च अदालतले भनेको छ- "The court is not an appellate forum where the correctness of the order of concerned authority could be canvassed and, indeed, it has no jurisdiction to substitute its own view". (Pratap Singh v State of Punjab, AIR 1964 SC 72; Ram Manohar Lohia v State of Bihar, AIR 1966 SC 740). सोही मुद्दामा थप भनेको छ- "The basic principle is that the court would not

interfere with, or probe into the merits of, the exercise of discretion by an authority, as it is not a forum to hear appeals from the decisions of the authority. They would not go into the question whether the opinion formed by the concerned authority is right or wrong. The court does not substitute its own views for that of the concerned authority". त्यसैले कुनै सार्वजनिक पदाधिकारीले आफूलाई प्राप्त स्वविवेकीय अधिकारको प्रयोग कानून विपरीत नै गरेको रहेछ भने पनि एउटै मात्र निर्णयको निर्विकल्प रहेको अवस्था रहेछ भने भिन्दै हो। तर वैकल्पिक प्रयोगको सम्भावना छ भने यसै गरी गर वा तिम्रो अधिकारको प्रयोग म आफै गर्छु भन्न मिल्दैन। प्रशासकीय कानूनका विद्वान H W R Wade को भनाइ महत्वपूर्ण छ। वहाँ भन्नुहुन्छ- "Obligatory duties must be distinguished from discretionary powers. With the late mandamus has nothing to do. Where a public authority was given power to determine some matter, mandamus would not lie to compel it to reach some particular decision. (Administrative Law, H W R Wade and C F Forsyth, 7the ed., p 649 (1994). बेलायतको एउटा मुद्दामा बोलिएको कुरा पनि महत्त्वपूर्ण छ- "If the inferior court or tribunal merely makes a wrong decision within its jurisdiction, as opposed to refusing to exercise it, mandamus cannot be employed to make it change its conclusion. (R v London Justices (1895) 1 QB 616 at 637; Smith v Chorely Rural Council (1895) 1 QB 678). रिट कानूनका वेत्ता V G Ramachandran ले आफ्नो पुस्तकमा लेख्नुभएको कुरा पनि मननीय छ। वहाँ लेख्नुहुन्छ- "A writ court cannot direct the authority to exercise discretion in a particular manner". (V G Ramachandran's Law of Writs, Vol.II, 6th ed., Justice CK Thakker and Mrs C Thakker, P 1158 (2006). भारतीय सर्वोच्च अदालते Indian Bank v K Usha को मुद्दामा बोलेको कुरा पनि सान्दर्भिक छ। भनेको छ-"If the act sought to be compelled to be done is a discretionary act, a writ of mandamus commands the exercise of the discretion but does not command its exercise in particular manner". (1998) 2 SCC 663: AIR 1998 SC 866). यस अदालतलाई रिट क्षेत्राधिकार अन्तर्गत न्यायिक पुनरावलोकनको अधिकार प्राप्त छ भन्दैमा यस अदालतले पनि आफूलाई प्राप्त यो अधिकारको प्रयोग अनियन्त्रित र असीमित रुपमा गर्न सक्दैन। यस अदालतले पनि कानून र न्यायका मान्य सिद्धान्तभन्दा बाहिर गएर यो अधिकारको प्रयोग गर्न हुँदैन। भनिन्छ- The power of judicial review is not unqualified or unlimited. Fertilizer Corporation Kamgar Union v Union of India को मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको कुरा मननीय छ- "The court cannot usurp or abdicate, and the parameters of judicial review must be clearly defined and never exceeded." (AIR 1981, SC 344). Benjamin N. Cardozo ले आफ्नो पुस्तक The Nature of the Judicial Process मा भनेका छन्- "The Judge, even when he is free, is

still not wholly free. He is not to innovate at pleasure. He is not a knight-errant roaming at will in pursuit of his own ideal of beauty or of goodness. He is to draw his inspiration from consecrated principles." Fifth Indian Reprint, p. 141, Universal Law Publishing Co Pvt. Ltd (2004). अर्को एउटा मुद्दामा भारतीय सर्वोच्च अदालतले भनेको कुरा पनि मननीय छ। भारतीय सर्वोच्च अदालतले भनेको छ- "While exercising the writ jurisdiction, the court is not expected to act as a court of appeal. The parameters of judicial review must be clearly defined and never exceeded. If the authority has faultered in its wisdom, the court cannot act as super auditor (S R Bommai v Union of India (1994) 3 SCC 1 para 64). न्यायिक पुनरावलोकनको सीमालाई सम्झाउँदै Shri Sitaram Sugar Co. Ltd v Union of India को मुद्दामा भारतीय सर्वोच्च अदालतले बोलेको छ- "The court does not substitute its judgment for that of the body concerned as to matters within the province of them" (AIR 1990 SC 1277). न्यायिक पुनरावलोकन कै सीमाका सम्बन्धमा भनिएको छ-"While exercising power of judicial review, the court does not exercise appellate powers. It is not intended to take away from the authorities the powers vested in them by law and to substitute courts as the bodies making the decisions. Judicial review is a protection and not a weapon" (Chief Constable of North Wales Police v Evans (1982) AllER 141; Tata Celluular v Union of India, AIR 1996 SC 11; Lonhro v Secy. of State (1989) 2 AllER 609. While exercising certiorary jurisdiction, the court acts in a supervisory capacity and not as an appellate court (V.G. Ramachandran p 1330) Veerappa Pillai v Raman & Raman Ltd (AIR 1952 SC 192; ) However extensive the jurisdiction may be, it is not so wide or large as to enable the court to convert itself into a court of appeal and examine for itself the correctness of the decision impugned and decide what is the proper view to be taken or the order to be made. भनी उल्लेख भएको पाइन्छ।

१६. माथि उल्लिखित सैद्धान्तिक मान्यताका सन्दर्भमा प्रस्तुत निवेदनमा उठाइएको विषयको स्थितिलाई हेर्दा विधायिकाले हदम्यादका सम्बन्धमा सामान्यतया पहिलो तहको अदालत मै निरुपण गर्ने र त्यस्तो आदेश नमिलेकोमा एक तह परिक्षण गर्न सक्ने गरी गरेको प्रावधान विपरित प्रारम्भिक सुनुवाइमा भएको आदेशलाई लिएर रिट निवेदन पर्न आएको देखिन्छ। कानूनतः प्रारम्भिक सुनुवाइ गर्ने अधिकार जिल्ला अदालतलाई नभएको भन्ने अवस्था देखिंदैन। निवेदकले उठाएको हदम्यादको प्रश्नमा एउटै निर्विकल्प निष्कर्षमा पुग्नु पर्ने कानूनी अवस्था रहेकोमा अर्को निष्कर्षमा पुगेको भन्ने पनि देखिंदैन। जिल्ला अदालतले गरेको आदेश उपर कानून बमोजिम माथिल्लो तहको उच्च अदालतबाट एक तहको कानूनी परीक्षण भएकै देखिन्छ। निवेदन माग दावी बमोजिम जिल्ला अदालतबाट भएको आदेश बदर गरी पुनः हदम्यादका सम्बन्धमा पुनः बोल (निर्णय गर्नू) भनेर

परमादेशको आदेश जारी गर्ने हो भने सारतः फिरादपत्र हदम्याद भित्र नपरेको भनी आदेश गर भने सरहको स्थिति बन्न जाने देखिन्छ। यसो गर्नु भनेको प्राकारान्तरले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३३ बमोजिम जिल्ला अदालतमा बिचाराधीन मुद्दा नं ०७४-CP-४२२५ खारेज भई मुद्दाको कारबाही अन्त्य हुने अवस्था सिर्जना हुने भएकोले संहिताको दफा १३३ को अधिकार यसै अदालतबाट प्रयोग गरेको जस्तो देखिन आउँछ।

१७. रिट क्षेत्राधिकारको माध्यमबाटै उपचार दिनु पर्ने ज्यादै बलियो आधार (strong grounds) रहेको देखिएको वा देखा देखी अन्याय (manifest injustice) को अवस्था रहेको प्रमाणित भएको अवस्थामा ,अपवादात्मक रुपमा रिट क्षेत्राधिकारको प्रयोग हुन सक्ने कुरालाई इन्कार गर्न सकिँदैन तर जिल्ला अदालतले आफ्नो क्षेत्राधिकार भित्र रहेर आफ्नो न्यायिक सदविवेक प्रयोग गरेर आदेश गरेको विषयलाई लिएर सामान्य क्षेत्राधिकारको प्रयोग गरे जस्तो गरी जिल्ला अदालतमा बिचाराधीन मुद्दाको औचित्य नै समाप्त हुने गरी रिट क्षेत्राधिकारको माध्यमबाट अन्यथा आदेश गर्नु रिट कानून कै मान्यता विपरीत हुन जाने देखिन्छ।

१८. यस अदालतको संयुक्त इजलासबाट प्रस्तुत रिट निवेदनलाई पूर्ण इजलासमा पेश गर्ने आदेश गर्दा ने.का.प. २०५६ नि. नं. ६६९० मा हदम्यादको प्रश्न कानूनी प्रश्न भएकोले पक्षले चुनौती नदिए पनि अदालतले जहिलेसुकै पनि त्यो विषयमा बिचार गर्नु पर्ने भनी सिद्धान्त प्रतिपादन भएको प्रसङ्गलाई उल्लेख गरिएको हुँदा त्यसतर्फ पनि विवेचना गर्नु पर्ने भएको छ। यस अदालतको संयुक्त इजलासको आदेशमा उल्लिखित ने.का.प. २०५६ नि. नं. ६६९० मा प्रतिपादित सिद्धान्त हाल प्रचलित मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३४(१ र (२) को व्यवस्था नहुँदाको अवस्थामा प्रतिपादन भएको पाइन्छ।सर्वोच्च अदालतबाट उक्त सिद्धान्त प्रतिपादन भए पछिको अवस्थामा सो सिद्धान्तको विपरित हुने गरी नयाँ कानूनी व्यवस्था भएकोमा कानून कै व्यवस्था लागू हुने अवस्था देखिन्छ।

१९. अतः यस अदालतको संयुक्त इजलासबाट मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १३४(१ र (२) मा अदालतले प्रारम्भिक सुनुवाइ गरी फिरादपत्र दर्ता गर्ने हकदैया भएको भनी आदेश गरेकोमा प्रतिवादीले पछि पुनरावेदन गर्दा वा मुद्दा दोहोऱ्याउन तथा पुनरावलोकनको लागि निवेदन दिंदा सोही विषयमा पुनः जिकिर लिन नसक्ने एवं जिकिर लिए पनि त्यस उपर सुनुवाइ नहुने गरी व्यवस्था भएको सन्दर्भमा जटिल कानूनी प्रश्न उपस्थित भएको भनी पूर्ण इजलास समक्ष पेश गरिएको प्रस्तुत निवेदनमा माथिका विभिन्न प्रकरणहरुमा विवेचना गरिएका सिद्धान्त, मान्यता र कानूनी

व्यवस्थाका सन्दर्भमा बिचार गर्दा प्रस्तुत निवेदनमा उठाइएको विषयमा रिट क्षेत्राधिकारको रोहबाट प्रवेश गरी काठमाण्डौ जिल्ला अदालतबाट मिति २०७६।५।२६ मा भएको आदेश र सो आदेश सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७६।९।१७ मा भएको आदेश उत्प्रेषणको आदेशले वदर गरी परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेश यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी निवेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

तिल प्रसाद श्रेष्ठ
न्यायाधीश

उक्त रायमा हामी सहमत छौं ।

कुमार चुडाल
न्यायाधीश

हरिप्रसाद फुयाल
न्यायाधीश

इजलास अधिकृत (उपसचिव): टीकाबहादुर थापा
कम्प्युटर अपरेटर: रामशरण तिमिल्सिना
इति सम्वत् २०८० साल जेष्ठ ३२ गते रोज ५ शुभम्.....................................।